कार्यालय वा अन्य कुनै स्थानमा हुल दंगा गरेमा वा आक्रमणकारीले आक्रमण गरेका बखत नामर्दिपन देखाई भागेमा,

(ग) लुट्ने अभिप्रायले कुनै घर वा कुनै ठाउँ भत्काए, फोरे वा कुनै किसिमले धनमाल लुटेमा वा हानि नोक्सानी वा क्षति गरेमा ।

(३) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई पाँच वर्षदेखि दस वर्षसम्म कैदको सजाय हुनेछ :-

(क) ड्यूटीमा रहेको वा नरहेको भए पनि माथिको दर्जाको सशस्त्र प्रहरी वा सुरक्षासँग सम्बन्धित अधिकार प्राप्त अन्य अधिकारी भन्ने थाहा पाएपछि वा थाहा हुने मनासिब आधार हुँदा हुँदै आपराधिक वल प्रयोग गरेमा वा गर्ने उद्योग गरेमा,

(ख) सशस्त्र विद्रोहको षड्यन्त्र वा उद्योग गरेको थाहा पाएर पनि आँफू भन्दा माथिको दर्जाको वा उच्च पदाधिकारीलाई यथाशक्य चाँडो खबर वा सूचना नदिएमा,

(ग) श्री ५ को सरकार वा श्री ५ को सरकारको काम कारवाही प्रति खलल पर्न सक्ने गरी घृणा, द्वेष वा अवहेलना हुने गरी लेखेर वा वचन वा आकार र चिन्हद्वारा कुनै काम कुरा गरे गराएमा,

(घ) आफ्नो जिम्मामा रहेको थुनुवा वा कैदीलाई जानी जानी भाग्न दिएमा वा भगाएमा ।

(४) देहायका अपराध गर्ने सशस्त्र प्रहरीलाई तीन वर्षदेखि पाँच वर्षसम्म कैदको सजाय हुनेछ :-

(क) आफू भन्दा माथिको दर्जाको सशस्त्र प्रहरीले दिएको आदेश पालन नगरेमा,

(ख) आफ्नो जिंम्मामा वा कमानमा रहेका व्यक्तिहरुको संख्या वा अवस्था वा नगदी वा जिन्सीको जानीजानी भूठो विवरण पेश गरेमा,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११५९

(ग) कुनै राजनैतिक संगठन वा दलको सदस्यता ग्रहण गरेमा वा राजनीतिक उद्देश्यले आयोजित जुलुस वा प्रदर्शनमा भाग लिएमा,

(घ) आफ्नो जिम्मामा रहेका हातहतियार, खरखजाना वा सवारी साधन वा नगदी वा जिन्सी सामानको दुरुपयोग गरेमा, लापरवाहीपूर्वक हराएमा, बिगारेमा वा भत्काएमा,

(ङ) आफ्नो जिम्माको सरकारी सम्पत्ति वा सरसामान लिई भागेमा,

(च) अर्काको सम्पत्ति वा सामान जबर्जस्ती गरी लिएमा,

(छ) मुलुकको धार्मिक र सामाजिक सद्भाव खलबल्याउन सहयोग पुऱ्याएमा,

(ज) सशस्त्र प्रहरी बलको सेवाबाट भागेमा,

(झ) आफूलाई नियुक्त गर्न अख्तियार पाएका अधिकारीको इजाजत बिना राजीनामा गरेमा वा आफ्नो पदको कर्तव्य पालन गर्न छाडेमा ।

## परिच्छेद - ६

## सशस्त्र प्रहरी विशेष अदालत र पुनरावेदन

२८. **सशस्त्र प्रहरी विशेष अदालतको गठन:** (१) परिच्छेद ५ अन्तर्गत सजाय हुने कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्न श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहायको दर्जाको सशस्त्र प्रहरीको सम्बन्धमा देहाय बमोजिमको सशस्त्र प्रहरी विशेष अदालत गठन गर्नेछ :-

(क) राजपत्रांकित अधिकृतको लागि केन्द्रीय सशस्त्र प्रहरी विशेष अदालत, र

(ख) राजपत्रांकित अधिकृत बाहेक अन्य सशस्त्र प्रहरीको लागि क्षेत्रीय सशस्त्र प्रहरी विशेष अदालत ।

(२) उपदफा (१) बमोजिमको सशस्त्र प्रहरी विशेष अदालतमा नेपाल न्याय सेवाको अधिकृतको अध्यक्षतामा राजपत्रांकित सशस्त्र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर बुझ्नु पर्ने साक्षीलाई बोलाउँदा अनावश्यक ढिलाई वा खर्च हुने वा असुविधा हुने सशस्त्र प्रहरी विशेष अदालतलाई लागेमा बन्दसवाल गरी साक्षी रहेको वा बसेको जिल्लाको प्रमुख जिल्ला अधिकारीले साक्षी बुझी पठाउने गरी सशस्त्र प्रहरी विशेष अदालतले आदेश गर्न सक्नेछ ।

(४) सशस्त्र प्रहरी विशेष अदालतको अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

३२. मुद्दा किनारा गर्नु पर्ने अवधिः सशस्त्र प्रहरी विशेष अदालतले मुद्दामा साक्षी बुझेको मितिले सामान्यतया नब्बे दिन भित्र मुद्दाको किनारा गरिसक्नु पर्नेछ ।

३३. थुना र कारागार सम्बन्धी व्यवस्थाः सशस्त्र प्रहरी विशेष अदालतको आदेश बमोजिम अभियुक्तलाई मुद्दाको पुर्पक्षको सिलसिलामा थुनामा राख्नु परेमा वा फैसला बमोजिम कारागारमा राख्नु परेमा श्री ५ को सरकारले नेपाल अधिराज्यको जुनसुकै कारागारमा पनि थुन्न पठाउन सक्नेछ ।

३४. पुनरावेदन सम्बन्धी व्यवस्थाः सशस्त्र प्रहरी विशेष अदालतले गरेको निर्णयमा चित्त नबुझ्नेले पैंतीस दिनभित्र सम्बन्धित पुनरावेदन अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

३५. समन्वय समितिः (१) नेपाल अधिराज्यभित्र शान्ति र सुव्यबस्था कायम गर्ने कार्यमा सशस्त्र प्रहरी र अन्य प्रहरी संगठनको बीच सामन्जस्यता ल्याउन र समन्वय गर्न केन्द्रमा गृह मन्त्रालयको सचिवको संयोजकत्वमा प्रहरी महानिरीक्षक र सशस्त्र प्रहरी महानिरीक्षक सदस्य रहेको एक समन्वय समिति रहनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि क्षेत्रीय तथा जिल्ला स्तरमा पनि तोकिए बमोजिमका पदाधिकारीहरु रहेको समन्वय समिति रहन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको समन्वय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ११८४

३६. अधिकार प्रत्यायोजनः यो अध्यादेश वा यस अध्यादेश अन्तरगत बनेको नियम बमोजिम अधिकार प्राप्त अधिकारीले आफूलाई प्राप्त अधिकार आफ्नो जिम्मेवारीमा आफू भन्दा मुनिको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. नियम बनाउने अधिकारः यस अध्यादेशको उद्देश्य कार्यान्वयन गर्नको लागि श्री ५ को सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

३८. बचाउः (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस अध्यादेशमा लेखिए जति कुरामा यसै अध्यादेश बमोजिम हुनेछ ।

(२) मिति २०५७ साल माघ ९ गते जारी भएको सशस्त्र प्रहरी अध्यादेश, २०५७ बमोजिम भए गरेको काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

लालमोहर सदर मितिः- २०५७।१२।३०।५

आज्ञाले,
**उदय नेपाली श्रेष्ठ**
**श्री ५ को सरकारको सचिव**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११८२

# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०५७ सालको अध्यादेश नं. ६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### स्थानीय प्रशासन ऐन, २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना: स्थानीय प्रशासन ऐन, २०२८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस अध्यादेशको नाम "स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश, २०५७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय प्रशासन ऐन, २०२८ को दफा २ मा संशोधनः स्थानीय प्रशासन ऐन, २०२८ (यस पछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएकोछः-

"(क१) "क्षेत्रीय प्रशासक" भन्नाले दफा ४क. को उपदफा (२) बमोजिम नियुक्त क्षेत्रीय प्रशासक सम्झनु पर्छ ।"

३. मूल ऐनको परिच्छेद -२ मा संशोधनः मूल ऐनको परिच्छेद -२ को सट्टा देहायको परिच्छेद -२ राखिएकोछः-

"परिच्छेद -२

विकासक्षेत्र, अञ्चल तथा जिल्ला विभाजन

३. विकासक्षेत्र, अञ्चल तथा जिल्ला विभाजनः (१) नेपाल अधिराज्यलाई अनुसूचीमा उल्लेख भए बमोजिम विकासक्षेत्र, अञ्चल तथा जिल्लाहरुमा विभाजन गरिएकोछ ।

(२) प्रत्येक जिल्लाको सिमाना र सदरमुकाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) यस अघि कायम भैरहेको जिल्लाको सिमाना र सदरमुकाम श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अन्यथा व्यवस्था नगरेसम्म साबिकै बमोजिम कायम रहनेछ ।"

४. मूल ऐनको परिच्छेद -३ को शीर्षकमा संशोधन: मूल ऐनको परिच्छेद -३ को शीर्षकको सट्टा देहायको शीर्षक राखिएकोछ:-

"क्षेत्रीय र जिल्ला प्रशासन"

५. मूल ऐनमा दफा ४क., ४ख., ४ग. र ४घ. थप: मूल ऐनको दफा ४ पछि देहायका दफा ४क., ४ख., ४ग. र ४घ. थपिएका छन् :-

"४क. क्षेत्रीय प्रशासन: (१) प्रत्येक विकासक्षेत्रमा देहाय बमोजिम एउटा क्षेत्रीय प्रशासन कार्यालय रहनेछ :-

(क) क्षेत्रीय प्रशासन कार्यालय, पूर्वाञ्चल विकासक्षेत्र, धनकुटा ।

(ख) क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल विकासक्षेत्र, हेटौंडा ।

(ग) क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल विकासक्षेत्र, पोखरा ।

(घ) क्षेत्रीय प्रशासन कार्यालय, मध्यपश्चिमाञ्चल विकासक्षेत्र, सुर्खेत ।

(ङ) क्षेत्रीय प्रशासन कार्यालय, सुदूर पश्चिमाञ्चल विकासक्षेत्र, दिपायल ।



११८६

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको क्षेत्रीय प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा श्री ५ को सरकारले निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एकजना क्षेत्रीय प्रशासक नियुक्ति गर्नेछ ।

४ख. क्षेत्रीय प्रशासकको काम, कर्तव्य र अधिकारः (१) श्री ५ को सरकारको नीति र निर्देशन अनुरुप समन्वयात्मक तरिकाले आफ्नो क्षेत्रभित्र सामान्य प्रशासन सञ्चालन गर्ने गराउने क्षेत्रीय प्रशासकको उत्तरदायित्व हुनेछ ।

(२) क्षेत्रीय प्रशासकको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो क्षेत्रभित्र शान्ति सुरक्षा र सुव्यवस्था कायम राख्ने, राख्न लगाउने,

(ख) आफ्नो क्षेत्र भित्रको जिल्ला प्रशासन कार्यालयहरुको कार्य सञ्चालनमा रेखदेख र समन्वय गर्ने,

(ग) आफ्नो क्षेत्रभित्रको क्षेत्रीय तथा जिल्ला कार्यालयहरुको कामलाई सेवामुखी र मितव्ययी बनाउन तथा ढिलासुस्ती, लापरवाही, भ्रष्टाचार आदि हुन नदिन आवश्यक कारबाही गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११८५

(घ) आफ्नो क्षेत्र भित्रको सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण, रेखदेख तथा मर्मत, संभार गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्र भित्रको शान्ति सुरक्षा सम्बन्धी वस्तुस्थितिको यथार्थ जानकारी नियमित रुपमा श्री ५ को सरकारलाई उपलब्ध गराउने,

(च) सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट आफ्नो क्षेत्र भित्र जोडिएको विदेशी मुलुकको सिमानाको आवधिक निरीक्षण गर्न लगाई श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्ने र सीमावर्ती क्षेत्रमा हुने आपराधिक क्रियाकलापहरुको नियन्त्रणमा स्थानीय प्रशासनको प्रभावकारीता बढाउन आवश्यक व्यवस्था मिलाउने,

(छ) आफ्नो क्षेत्र भित्रका दुई वा दुई भन्दा बढी जिल्लाहरु बीच कायम रहेको सिमाना, बाटो, कुलो, पैनी, खानेपानी आदि सार्वजनिक सरोकारको विषयमा आपसी मतभेद वा विवाद उत्पन्न भएमा सम्बन्धित पक्षहरू राखी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निराकरणको लागि आवश्यक व्यवस्था गर्ने,

(ज) दैवी प्रकोप, महामारी, भोकमरी जस्ता विषम परिस्थिति नियन्त्रण एवं व्यवस्थापन गर्न आवश्यक व्यवस्था गर्ने, गराउने,

(झ) आफ्नो क्षेत्र भित्रका कारागारहरुको नियमित निरीक्षण गरी सुसञ्चालनको आवश्यक व्यवस्था मिलाउने र कैदीहरुको कैद माफीको लागि सिफारिस गर्ने,

(ञ) विकासक्षेत्र भित्र राष्ट्रियता अभिबृद्धि गरी नेपाली जनता बीच मेलमिलाप र आपसी सद्भावद्वारा एकता कायम गर्न आवश्यक पर्ने कार्यहरु गर्ने,

(ट) श्री ५ को सरकारले समय समयमा दिएका आदेश तथा निर्देशन अनुसार अन्य काम कारबाही गर्ने, गराउने तथा त्यसको अनुगमन गर्ने ।

४ग. <u>क्षेत्रीय सुरक्षा समिति:</u> (१) प्रत्येक क्षेत्रमा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने काममा सहयोग पुऱ्याउन देहाय बमोजिमको एक क्षेत्रीय सुरक्षा समिति रहनेछ :-



११५९

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) क्षेत्रीय प्रशासक -अध्यक्ष

(ख) शाही नेपाली सेनाको स्थानीय प्रमुख -सदस्य

(ग) क्षेत्रीय प्रहरी कार्यालयको प्रमुख -सदस्य

(घ) सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख -सदस्य

(ङ) राष्ट्रिय अनुसन्धान विभागको सम्बन्धित विकास क्षेत्र हेर्ने कार्यालयको प्रमुख -सदस्य-सचिव

(२) क्षेत्रीय सुरक्षा समितिको बैठकमा क्षेत्रीय प्रशासकले आवश्यकता अनुसार क्षेत्र भित्रका अन्य कार्यालयका पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक आवश्यकता अनुसार अध्यक्षले बोलाउन सक्नेछ ।

४घ. <u>क्षेत्रीय प्रशासकको नियन्त्रणमा रही काम गर्नु पर्ने</u>: आफ्नो क्षेत्रमा शान्ति सुरक्षा कायम गर्ने कामको लागि क्षेत्रीय प्रहरी कार्यालयले क्षेत्रीय प्रशासकको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही काम गर्नु पर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६. **मूल ऐनको दफा ५ मा संशोधनः** मूल ऐनको दफा ५ को उपदफा (१) मा रहेका "निर्देशन बमोजिम" भन्ने शब्दहरुको सट्टा "निर्देशन तथा क्षेत्रीय प्रशासकको सामान्य रेखदेखमा रही" भन्ने शब्दहरु राखिएका छन् ।

७. **मूल ऐनको दफा ६ मा संशोधनः** मूल ऐनको दफा ६ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ :-

"(१क) उपदफा (१) बमोजिम शान्ति सुरक्षा कायम गर्ने सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी प्रमुख जिल्ला अधिकारीले क्षेत्रीय प्रशासक तथा गृह मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ र सो सम्बन्धमा क्षेत्रीय प्रशासकले दिएको निर्देशनको पालना गर्नु प्रमुख जिल्ला अधिकारीको कर्तव्य हुनेछ ।"

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) आफ्नो अधिकारक्षेत्र भित्रको कुनै ठाउँमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भैरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने प्रमुख जिल्ला अधिकारीलाई लागेमा निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार शाही नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा शाही नेपाली सेनाको मद्दत मागेकोमा क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनु पर्नेछ ।"



9953

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छ :-

"(२क) आफ्नो अधिकारक्षेत्र भित्रको सिमाना जोडिएका दुई वा दुई भन्दा बढी जिल्लाहरुमा गम्भीर अशान्ति भएको छ वा हुने सम्भावना छ र सो ठाउँमा भैरहेको अशान्ति रोक्न वा अशान्ति हुन नदिन अन्य प्रहरीको मद्दतबाट मात्र सम्भव छैन भन्ने क्षेत्रीय प्रशासकलाई लागेमा निजले स्थानीय वा नजिकको सशस्त्र प्रहरी वा अवस्था अनुसार शाही नेपाली सेनाको मद्दत माग्न सक्नेछ । त्यसरी सशस्त्र प्रहरी वा शाही नेपाली सेनाको मद्दत मागेकोमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई र गृह मन्त्रालयलाई चौबीस घण्टाभित्र सबैभन्दा छिटो साधनद्वारा त्यसको सूचना दिनुपर्नेछ ।"

(४) उपदफा (७) को सट्टा देहायको उपदफा (७) राखिएकोछ :-

"(७) प्रत्येक जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था गर्ने काममा सहयोग पुऱ्याउन देहाय बमोजिमको एक जिल्ला सुरक्षा समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी -अध्यक्ष

(ख) शाही नेपाली सेनाको स्थानीय प्रमुख -सदस्य

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

(घ) सशस्त्र प्रहरी कार्यालयको स्थानीय प्रमुख -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) राष्ट्रिय अनुसन्धान विभागको जिल्ला स्थित कार्यालयको प्रमुख -सदस्य-सचिव"

(५) उपदफा (८) झिकिएकोछ ।

८. मूल ऐनको दफा ६क. मा संशोधनः मूल ऐनको दफा ६क. को उपदफा (६) मा रहेका "श्री ५ को सरकार, गृह मन्त्रालयलाई" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

९. मूल ऐनको दफा ६ख. मा संशोधनः मूल ऐनको दफा ६ख. को उपदफा (४) मा रहेका "श्री ५ को सरकार, गृह मन्त्रालयलाई" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१०. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को ठाउँ ठाउँमा रहेका "श्री ५ को सरकार, गृह मन्त्रालयमा" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय प्रशासक र गृह मन्त्रालयमा" भन्ने शब्दहरु राखिएका छन् ।

११. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) मा रहेका "एकसय रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "एकहजार रुपैयाँसम्म" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (४) मा रहेका "श्री ५ को सरकार, वन मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "वन तथा भू-संरक्षण मन्त्रालयले" भन्ने शब्दहरु राखिएका छन् ।



११६५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **मूल ऐनको दफा ११ मा संशोधनः** मूल ऐनको दफा ११ को,-

(१) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएकोछ :-

"(३क) यो ऐन वा अन्य प्रचलित कानून बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये सबै वा केही अधिकार क्षेत्रीय प्रशासकले प्रमुख जिल्ला अधिकारी वा आफ्नो मातहतका कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र यसरी अधिकार प्रत्यायोजन गरेको सूचना गृह मन्त्रालयलाई तुरुन्त दिनु पर्नेछ ।"

(२) उपदफा (४) मा रहेका "श्री ५ को सरकार, गृह मन्त्रालयलाई" भन्ने शब्दहरुको सट्टा "क्षेत्रीय प्रशासक र गृह मन्त्रालयलाई" भन्ने शब्दहरु राखिएका छन् ।

१३. **अनुसूचीमा संशोधनः** मूल ऐनको अनुसूचीको सट्टा यसैसाथ संलग्न अनुसूची राखिएकोछ ।

१४. **बचाउः** मिति २०५७ साल माघ ९ गते जारी भएको स्थानीय प्रशासन (चौथो संशोधन) अध्यादेश, २०५७ बमोजिम भए गरेको काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची

(दफा ३ को उपदफा (१) संग सम्बन्धित)

### विकासक्षेत्र, अञ्चल र जिल्लाहरुको नाम

| क.सं. | विकासक्षेत्र | अञ्चल | जिल्ला |
|---|---|---|---|
| १. | पूर्वाञ्चल विकासक्षेत्र | १. मेची | १. ताप्लेजुङ्ग |
| | | | २. पाँचथर |
| | | | ३. ईलाम |
| | | | ४. झापा |
| | | २. कोशी | १. संखुवासभा |
| | | | २. तेह्रथुम |
| | | | ३. धनकुटा |
| | | | ४. भोजपुर |
| | | | ५. मोरङ्ग |
| | | | ६. सुनसरी |
| | | ३. सगरमाथा | १. सोलुखुम्बु |
| | | | २. ओखलढुङ्गा |
| | | | ३. खोटाङ्ग |
| | | | ४. उदयपुर |
| | | | ५. सप्तरी |
| | | | ६. सिराहा |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| २. | मध्यमाञ्चल विकासक्षेत्र | ४. जनकपुर | १. दोलखा |
| | | | २. रामेछाप |
| | | | ३. सिन्धुली |
| | | | ४. धनुषा |
| | | | ५. महोत्तरी |
| | | | ६. सर्लाही |
| | | ५. वागमती | १. सिन्धुपाल्चोक |
| | | | २. रसुवा |
| | | | ३. काभ्रेपलाञ्चोक |
| | | | ४. भक्तपुर |
| | | | ५. ललितपुर |
| | | | ६. काठमाडौं |
| | | | ७. नुवाकोट |
| | | | ८. धादिङ्ग |
| | | ६. नारायणी | १. मकवानपुर |
| | | | २. रौतहट |
| | | | ३. बारा |
| | | | ४. पर्सा |
| | | | ५. चितवन |
| ३. | पश्चिमाञ्चल विकासक्षेत्र | ७. गण्डकी | १. गोरखा |
| | | | २. तनहुँ |
| | | | ३. मनाङ्ग |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

| | | | |
|---|---|---|---|
| | | | ४. लमजुङ्ग |
| | | | ५. कास्की |
| | | | ६. स्याङ्गजा |
| | | ८. लुम्बिनी | १. गुल्मी |
| | | | २. पाल्पा |
| | | | ३. अर्घाखाँची |
| | | | ४. नबलपरासी |
| | | | ५. रुपन्देही |
| | | | ६. कपिलबस्तु |
| | | ९. धौलागिरी | १. पर्वत |
| | | | २. म्याग्दी |
| | | | ३. मुस्ताङ्ग |
| | | | ४. बाग्लुङ्ग |
| ४. | मध्यपश्चिमाञ्चल विकासक्षेत्र | १०. राप्ती | १. रुकुम |
| | | | २. रोल्पा |
| | | | ३. प्यूठान |
| | | | ४. सल्यान |
| | | | ५. दाङ्ग |
| | | ११. कर्णाली | १. डोल्पा |
| | | | २. जुम्ला |
| | | | ३. कालीकोट |
| | | | ४. मुगु |
| | | | ५. हुम्ला |

मुद्रण विभाग, सिंहदरबार



1155

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| | | १२. भेरी | १. जाजरकोट |
| | | | २. दैलेख |
| | | | ३. सुर्खेत |
| | | | ४. बाँके |
| | | | ५. बर्दिया |
| ५. | सुदूरपश्चिमाञ्चल विकासक्षेत्र | १३. सेती | १. बाजुरा |
| | | | २. बझाङ्ग |
| | | | ३. अछाम |
| | | | ४. डोटी |
| | | | ५. कैलाली |
| | | १४. महाकाली | १. दार्चुला |
| | | | २. बैतडी |
| | | | ३. डडेलधुँरा |
| | | | ४. कञ्चनपुर |

लालमोहर सदर मितिः- २०५७।१२।३०।५

आज्ञाले,
**उदय नेपाली श्रेष्ठ**
**श्री ५ को सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार